# प्रेस विज्ञप्ती

जेठ, २१, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका मा.मन्त्री थममाया थापासंग UN Women का Country Director श्री  Wenny Kusuma ले शिष्टाचार भेट गर्नुभयो । मा.मन्त्रीको नेतृत्वले नेपालका सम्पूर्ण महिलाको प्रतिनिधित्व गर्न सकेकोमा बधाई तथा खुशी व्यक्त गर्दै सफल कार्यकालको शुभकामना दिनु भयो । भेटमा मा.मन्त्रीले UN Women ले नेपाली महिलाको आर्थिक, सामाजिक सशक्तिकरणमा पुऱ्याएको योगदानप्रति आभार प्रकट गर्दै धन्यवाद दिनुभयो । UN Women को मूलत दुई कार्यक्षेत्र महिलाको आर्थिक सशक्तिकरण र जलवायु परिवर्तन रहेको बताउनुभयो । त्यस्तैगरी Gender को विषयलाई कसरी Cross Cutting को रुपमा अगाडि बडाउने र लैगिंक दृष्टिकोणबाट हेर्ने गरी अघि बढने लक्ष्य रहेको बताउनु भयो । मन्त्रालयले लैंगिक समानता र महिला सशक्तिकरण सम्बन्धि लिएको Vision लाई हार्दिकतापूर्वक सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । नेपालमा UN Women द्वारा Beijing +20 वर्षको समीक्षा भएको थियो जसमा के के प्रगति भयो र कहाँ कहाँ खाडल छ भन्ने विषयमा समेत समिक्षा भएको जानकारी गराउनु भयो । यसै वर्षको अन्तिममा CEDAW को Review हुने भएकोले सोको तयारी गर्न आवश्यक विज्ञको सहयोग उपलब्ध गराउन सकिने जानकारी गराउनु भयो । मा. मन्त्रीले नेपाली महिलाहरुको लामो संघर्ष पछि संविधानमा महिलाको हक अधिकार सम्बन्धि व्यवस्था भएको र सरकारको पहिलो प्राथमिकतामा संविधानको कार्यान्वयन र सामाजिक, आर्थिक रुपान्तरण गर्ने  रहेको बताउनुभयो । मन्त्रालयले आमाको नामबाट नागरिकता दिने वंशीय, अंशीय हकसम्बन्धी विषयलाई कार्यान्यवन गर्ने नीति नियमहरु बनाउने र बनाएको नीति नियमको प्रभावकारी कार्यान्वयन गर्ने साथै सरोकारवालाहरुलाई सचेतना जगाउने प्राथमिकतमाा रहेको बताउनुभयो । नेपालमा अझैपनि बोक्सी, छाउपडी, बालविवाह, मानव वेचविखन, बलात्कारजस्ता विकृतिहरु अझै पनि रहेकोले यिनीहरुको सही व्यवस्थापन गर्नुपर्ने मन्त्रलायको चुनौती रहेको छ । विभिन्न अन्तराष्ट्रिय संघ, संस्थाहरुले पनि सरकारको यिनै कार्यक्रमहरुमा लक्षित गरेर कार्यक्रम गर्नु हुन आह्वान गर्नुभयो । Country Director ले नेपाल सरकारको रणनीतिसँगै UN को कार्यक्रम पनि अगाडि बढाई लैंगिक समानता र महिला सशक्तिकरणको लागि आर्थिक विकासको ढोका खोलिदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## धन्यवाद